लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

☎०८१-५३०२५४
ईमेल: vethosbanke@gmail.com
वेब साईट : wwww.banke.vethos.gov.np

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०८/०२

प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं १

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँकेको आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रममा लागत साझेदारीमा सहभागी हुन इच्छुक बाँके जिल्ला भित्रका कृषक/समूह/समिति/सहकारी/निजी फर्म/उद्योग आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८३/०८/२२ गते सम्म) कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी वा वेवसाइट www.banke.vethos.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क.स	कार्यक्रमको नाम	सञ्चालन गर्ने कृयाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
१.	मागमा आधारित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम	पशुपन्छी जन्य पदार्थको उत्पादन,उत्पादकत्व बृद्धि, बजारीकरण, प्रशोधन तथा विविधिकरण सम्बन्धी कार्यक्रम।	देहायका पशु/वस्तुमा तपसिल अनुसार न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्ने। पशुवस्तु – संख्या भेडा माउ – १० बाख्रा माउ – १० गाई माउ – ५ भैंसी माउ – ५ बंगुर माउ – १५ पाडापाडी पालन – १५ ग्रामिण कुखुरा/हाँस – ५०० दुध संकलन, विविधिकरण लिटर प्रतिदिन – ३०० मासु/माछा बिक्री तथा प्रशोधन प्रती दिन के.जी. – ५० मत्स्य पालन – ६ कट्ठा	प्रति आयोजना अधिकतम रु. १ लाखमा नबढी ५०% अनुदान दिन सकिने
२.	मत्स्य व्यवसायका लागि यान्त्रीकरणमा सहयोग कार्यक्रम।	एरिटर ,समरसिबल पम्प, सोलारपम्प, ईलेक्ट्रिक मोटर, पम्पसेट, पेलेटमेसिन, फिडरमेसिन, महाजाल तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेसिनरी/यन्त्र/उपकरण खरिद तथा जडान ।	कृषक/फर्म/ कम्पनि/ कृषक समुह/समिति/कृषि सहकारी मार्फत सञ्चालन गर्न सकिने।	कूल लागतको अधिकतम ५०% वा प्रति कृषक अधिकतम रु १ लाख अनुदान

२०८३/०८/०२

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

☎०८१-५३०२५४
ईमेल: vethosbanke@gmail.com
वेब साईट : wwww.banke.vethos.gov.np

३.	मत्स्य पोखरीमा प्रयोग हुने विद्युत महसुलमा सहयोग	अनुसूची ३२ बमोजिमको निवेदन पेश गर्ने, कार्यालयले विद्युत महसुल तिरेको बिल सहित निवेदन संकलन गरी सम्बन्धित कृषक व्यवसायीको खातामा प्राबिधिक प्रतिवेदन बमोजिम सहुलिएत रकम जम्मा गरिने।	• फार्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई मत्स्यपालन व्यवसायमा मात्र प्रयोग भएको विद्युतीय मिटरमा अनुदान प्रवाह गरिने छ। • विद्युत महसुल तिरेको बिल पेश गर्नुपर्ने छ। • कार्यालयले अनुगमन गरी स्विकृति प्रदान गरे पश्चात महशुल मात्र सहुलिएत प्रदान गरिनेछ। यो कार्यक्रम आर्थिक बर्षको साउन देखि लागु हुनेछ।	मत्स्य व्यवसायका लागि जडान गरिएको विद्युत मिटरमा बार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. पचास हजार सम्म सहुलियत प्रदान गर्न सकिने।
४.	व्यवसायिक पशुपन्छी फार्ममा प्रयोग हुने विद्युत महसुलमा सहयोग कार्यक्रम	अनुसूची ३३ बमोजिमको निवेदन पेश गर्ने ।कार्यालयले विद्युत महसुल तिरेको बिल सहित निवेदन संकलन गरी सम्बन्धित कृषक व्यवसायीको खातामा प्राबिधिक प्रतिवेदन बमोजिम सहुलिएत रकम जम्मा गर्ने ।	• फार्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीक नामा दर्ता भई पशुपन्छीपालन व्यवसायमा मात्र प्रयोग भएको विद्युतीय मिटरमा अनुदान प्रवाह गरिने छ। • विद्युत महसुल तिरेको बिल पेश गर्नुपर्ने छ। • यो कार्यक्रम आर्थिक बर्ष को साउन देखि लागु हुनेछ।	पशुपन्छीपालन व्यवसायका लागि जडान गरिएको विद्युत मिटरमा बार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. पचास हजार सम्म सहुलियत प्रदान गर्न सकिने।
५.	जिउँदो माछा बिक्री वितरण स्टल निर्माण/सुधार	कम्तिमा १०० के.जि. जिवित माछा संकलन गर्ने क्षमता भएको टयांकी निर्माण सहित आवश्यक अन्य व्यवस्थापन।	• कृषक/फर्म/ कम्पनि/ कृषक समुह/समिति/कृषि सहकारी मार्फत सञ्चालन गर्न सकिने। • दैनिक ३० के.जि.माछाको कारोबार गरेको हुनु पर्ने। • भाडामा लिई व्यवसाय सञ्चालन गरेको हकमा ५ बर्षको करार नामा भएको हुनुपर्ने। • अनुसुची १८,१९,२०र २१ अनुसार मापदण्ड पुरा भएको हुनु पर्ने।	अधिकतम १ लाख नबढ्ने गरी ५०% अनुदान उपलब्ध गराउन सकिने।

२०८३/०८/१२

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

☎०८१-५३०२५४
ईमेल: vethosbanke@gmail.com
वेब साईट : wwww.banke.vethos.gov.np

६.	सहकारी मार्फत पशुपन्छी तथा मत्स्य प्रबर्द्धन कार्यक्रम	• सहकारी संघ/ संस्थाहरु मार्फत पशुपन्छी तथा मत्स्य प्रबर्द्धन कार्यक्रम हुने गरी पशुपन्छीजन्य उत्पादन, प्रशोधन,पशु स्वास्थ्य, नश्ल सुधार, बजारीकरण क्षमता विकास, मेशिनरी उपकरण सामग्रीमा सहयोग।	• दूधको हकमा १५०० लिटर कारोबार गरेको हुनुपर्ने। • मासुको हकमा वार्षिक कम्तिमा ३०० खसी/बोका, बंगुर १०० र राँगा भैंसी ५० वटा कारोबार गर्ने। • माछाको हकमा वार्षिक कम्तिमा १०० मे.ट कारोबार गरेको। • कानूनी रुपमा समस्या ग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनुपर्ने।	• विनियोजित बजेटको परिधि भित्र रही अधिकतम ५०% अनुदान प्रवाह गरिने।

संलग्न गर्नु पर्ने कागजातहरु

१. निवेदन (अनुसूची २३ बमोजिम)।
२. दर्ता/नवीकरण प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. कृषक तथ कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची २४ बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. समुह/समिति/सहकारी/कम्पनीको हकमा संस्थाको निर्णयको प्रतिलिपि तथा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन ।
८. प्रस्तावकको नागरिकताको प्रतिलिपि ।
९. दोहोरो अनुदान नलिएको स्वःघोषणा पत्र (अनुसूची - ३०)

नोटः सूचनामा छुट हुन गएका बुँदाहरु **कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८३** मा भएको व्यवस्था बमोजिम गरिने छ ।

२०८३/०८/१२

डा. सपनालक्ष्मी धिमिरे
केन्द्र प्रमुख